नेपाल सरकार
Government of Nepal
युवा तथा खेलकुद मन्त्रालय
Ministry of Youth and Sports
युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय
Youth and Small Entrepreneur Self-Employment Fund Secretariat

Ref. No.

# कोषको कार्यालयमा कार्यरत कर्मचारीहरुको दुर्घटना तथा औषधि उपचार बीमा सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७९/०२/३१

यस युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यालयमा कार्यरत कर्मचारी तथा जिल्लामा कार्यरत कर्जा असूली सहजकर्ताहरु समेत अनुमानित १३० जना कर्मचारीहरुको १०लाख बराबरको वार्षिक दुर्घटना बिमा तथा १ लाख ५० हजार बराबरको औषधि उपचार बीमा गर्नका लागि सिलबन्दी दरभाउपत्र नं. १।२०७८।०७९ , ल.ई. रकम मु.अ. कर समेत रु ६,९८,३४३।- रहेको बीमा सम्बन्धी सेवा सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । देहाय अनुसार इजाजत प्राप्त इच्छुक बीमा कम्पनीहरुले देहायका शर्तहरुको अधिनमा रही रीत पूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

१. भाग लिन चाहने सिलबन्दी दरभाउपत्र दाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रु. १०००/-शुल्क तिरी कोषको कार्यालयको बीमा शाखाबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ । बीमा कम्पनीले नगदी रसिद साथ संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थाई लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, व्यवसायिक इजाजत पत्र, आ. व. २०७७/०७८ को वित्तिय विवरण तथा कर चुक्ता प्रमाण-पत्र लगायतका विवरणहरुको प्रतिलिपिहरु संलग्न गरी सिलबन्दी दरभाउपत्र फारमहरु प्रथम पटक प्रकाशित मितिले १६ औं दिन, दिनको १२ बजे सम्म दर्ता गरिसक्नु पर्ने छ ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिमदिन सार्वजनिक बिदा परेमा उक्तकार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिने छ ।

३. सिलबन्दी दरभाउपत्र दाताले दिने बीमालेखको बीमा शुल्कको मूल्य अभिवृद्धि कर बाहेकको रकम सिलबन्दी दरभाउपत्र फारममा अंक र अक्षरमा स्पष्ट लेखी सिलबन्दी दरभाउपत्र फारमको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्र दाताको पदाधिकारीले सहीछाप गरी सूचना अनुसार जमानत वापत यस सचिवालयको नाममा प्रस्ताव पेश गर्ने मितिको अन्तिम दिनबाट ७५ दिन म्याद भएको बैकको बिडबण्डको सक्कल प्रति वा यस सचिवालयको को.ले.नि.का. समन्वय कार्यालय बबरमहलमा रहेको धरौटी खाता नं. १२०१२०००१००२५२४ कार्यालय कोड नं. ३४३५१३५०१ मा जम्मा गरेको रु. १८,०००/- ( अक्षरेपी अठार हजार मात्र) को सक्कल भौचर यसै साथ संलग्न राखी सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ । सिलबन्दी खाममा खामको बाहिर पट्टि पाउने ठेगानामा श्री युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयका कर्मचारीहरुको दुर्घटना तथा औषधि उपचार बीमा गर्ने सिलबन्दी दरभाउपत्र पेश गरेको व्यहोरा सहित सिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र फारम दरेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. सिलबन्दी दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा पेस गर्नु पर्नेछ ।

६. रीत नपुगी वा सिलबन्दी दरभाउपत्रको सूचनामा निर्धारित समय नाघि पेस हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

७. प्राप्त सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंसिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस सचिवालयमा रहने छ ।

८. दर्ता भएका सिलबन्दी दरभाउपत्रहरुमा सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम भए नभएको (परीक्षण ग्राहय भएका) सिलबन्दी दरभाउ पत्रहरुबाट मात्र छनौट गरिने छ ।

९. यस सूचना तथा सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित सर्तमा कुनै कुरा बाझिन गएमा सूचनाको सर्तलाई मान्यता दिईने छ ।

१०.सिलबन्दी दरभाउपत्र साथ पेस गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गराई पेस गर्नु पर्ने छ ।

११. एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संसोधन गर्न सकिने छैन ।

१२. दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारम १६ औ दिन, दिनको २:०० बजे सिलबन्दी दरभाउपत्र दाता स्वयम् वा निजको प्रतिनिधिको उपस्थितमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा यस कोषको सचिवालयमा खोलिने छ ।

१३.अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

सम्पर्क नं. नं. ०१-४१०२७८२, ४१०२७९५

अनामनगर, काठमाडौं नेपाल, फोन नं.:+९७७-१-४१०२७८९/८८, फ्याक्स : +९७७-१-४१०२७८९/४१०२६७८
Anamnagar, Kathmandu, Ph.: +977-1-4102789/88, Fax : +977-1-4102789, 4102678, E-mail: info@ysef.gov.np, Web: www.ysef.gov.np